**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# सिकाइ उपलब्धिमा सिकाइ सहजीकरणको प्रभाव

**डा. विष्णुप्रसाद शर्मा**
**उपप्राध्यापक**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: sharmabishnu997@gmail.com

Received date : 8 December 2024, Reviewed date : 7 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेख विद्यालय तहको नेपाली भाषा कक्षामा आधारित सिकाइ सहजीकरणको उपयोग पक्षमा केन्द्रित छ। सिकारुको सिकाइ उपलब्धिमा सिकाइ सहजीकरणको प्रभाव खोज्ने उद्देश्य प्रस्तुत लेखमा राखिएको छ । अध्ययनलाई मिश्रित अनुसन्धान विधिमा आधारित गराई कार्यमूलक अनुसन्धान ढाँचाका माध्यमबाट सम्पादन गरिएको छ । यसका लागि उत्तरप्रत्यक्षवादी दृष्टिकोण र निर्माणवादी सिद्धान्तलाई उपयोगमा ल्याइएको छ। लक्षित विद्यालयका विद्यार्थी, अभिभावक र विषय शिक्षकबाट अन्तर्वार्ता, लक्षित समूह छलफल र दस्तावेज अध्ययन उपकरणका सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ। यस क्रममा सिकाइ समस्याको पहिचान, शैक्षणिक योजनाको निर्माण, त्यसको कार्यान्वयन, कार्यको अवलोकन र प्रतिबिम्बनजस्ता चरणबद्ध तरिकाबाट अनुसन्धानमा प्रस्तुत दावीलाई स्थापित गराइएको छ। अध्ययनबाट सिकारुको सिकाइ उपलब्धिमा सिकाइ सहजीकरणको मुख्य भूमिका हुन्छ भन्ने निष्कर्ष निस्किएको छ । विद्यालयद्वारा लिइएको आन्तरिक परीक्षा र विषय शिक्षकबाट लिइएको प्रारम्भिक परीक्षामा विद्यार्थीले सन्तोषजनक अङ्क प्राप्त गर्न नसकेका स्थितिमा योजनाबद्ध सिकाइ सहजीकरणपश्चात सिकारुको सिकाइ उपलब्धिमा क्रमशः वृद्धि भएको छ । जोन डिबे, जिन पियाजे र भिकोत्स्कीको निर्माणवादी सिद्धान्तले भनेझैँ शिक्षकको संरचनात्मक टेवाका आधारमा सिकारु सम्भाव्य विकासका क्षेत्रमा पुग्न सकेको छ । यस कार्यका लागि शिक्षकको समर्पण, विद्यार्थीको उत्साहजनक सहभागिता र उपयुक्त शैक्षिक परिवेश आवश्यक पर्दछ । अतः योजनाबद्ध शैक्षणिक कार्यकलाप तथा अभिलेख निर्माण र त्यसको उपयोगबाट सिकारुको सिकाइ स्तर बढाउन महत्त्वपूर्ण सहयोग मिलेको छ। सिकाइ सहजीकरणमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत अनुसन्धान उपयोगी हुने देखिन्छ।

***शब्दकुञ्जी*** : सिकाइ, सहजीकरण, सहयोगात्मक, निर्माणवाद, उपलब्धि

## विषय परिचय

सिकाइलाई सिकारुको ज्ञान, व्यवहार र विचारमा आउने स्थायी परिवर्तनका रूपमा लिइन्छ। सिकाइ कसरी हुन्छ भन्ने विषयमा व्यवहारवादी, मनोवादी तथा निर्माणवादीहरुले विभिन्न अवधारणा

*Copyright 2025 © the Author (s) and the Publisher*

अघि सारेका छन् । यसमा जोन डिबे, जिन पियाजे, चम्स्की, भिकोत्स्की, डेल हाइम्सलगायतको योगदान महत्त्वपूर्ण छ । यसैगरी 'सिकाइ सहजीकरण' शब्दावली भाषाशिक्षणअन्तर्गत पर्ने शिक्षण सिकाइ कार्यकलापको विकसित र नवीन अवधारणा हो । यसलाई सिकारु केन्द्रित शिक्षण सिकाइका रूपमा पनि लिइन्छ । यस कार्यमा शिक्षक सहजकर्ता, अवलोकनकर्ता र उत्प्रेरक तथा सिकारु सक्रिय खोजकर्ताका रूपमा सिकाइमा सहभागी हुन्छन् भन्ने मान्यता राखिन्छ (रिचर्डस र रोजर्स, सन् २०१६, पृ. ९८ -१००) । समूह कार्य, भाषिक खेल, प्रस्तुतीकरण, अभ्यास, उत्पादनजस्ता शिक्षण सिकाइ कार्यकलापबाट सिकाइ सहजीकरण कार्य सफल हुने देखिन्छ ।

यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानमा सिकाइ सहजीकरणले सिकारुको भाषिक उपलब्धिमा पार्ने प्रभावको अध्ययन गरिएको छ । यसका लागि मिश्रित अनुसन्धान विधि, उत्तरप्रत्यक्षवादी दृष्टिकोण, कार्यमूलक अनुसन्धान ढाँचा र निर्माणवादी सिद्धान्तको उपयोग गरिएको छ । प्रस्तुत अनुसन्धानसँग सम्बन्धित कार्यहरू यस पूर्व निउरे (२०७५), फरेन्सी (सन् २००२), अकनर र अन्य (सन् २०१४),अफ्रिजल (सन् २०१५), आचार्य (सन् २०२२) र त्रिपाठी (सन् २०२२) ले कार्यमूलक अनुसन्धानका सैद्धान्तिक र व्यावहारिक पक्षमा चर्चा गरेका छन् । यसो भए तापनि विद्यालय तहको सिकाइमा केन्द्रित रही सिकाइ उपलब्धिमा सिकाइ सहजीकरणको प्रभावका विषयमा अध्ययन भएको पाइँदैन । यसबाट पनि प्रस्तुत अध्ययनको अन्तराल र औचित्य स्पष्ट हुन्छ ।

अनुसन्धानबाट विद्यालय तथा विश्वविद्यालय तहको सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउन सहयोग पुग्ने देखिन्छ । सिकाइ सहजीकरणका विषयमा अध्येताको रुचि क्षेत्र र अध्ययन क्षेत्र पनि भएकाले प्रस्तुत अध्ययन गर्न खोजिएको हो । अध्ययनमा सिकारुको सिकाइमा देखिने समस्याको पहिचान गरी कार्यमूलक अनुसन्धान शैलीमा योजनाबद्ध ढङ्गबाट सिकाइ सहजीकरणका कार्य गरिएको छ । यसका साथै कार्यको अवलोकन र प्रतिबिम्बनका चरण अपनाएर सिकाइ सहजीकरणले सिकारुको सिकाइ उपलब्धिमा आएको परिवर्तनको खोजी गरिएको छ । अनुसन्धानलाई विद्यालय तहको नेपाली भाषा कक्षामा गरिएको सिकाइ सहजीकरणमा आधारित बनाइएको छ :

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

गुरुकुल पद्धति र संस्कृत पृष्ठभूमिका शिक्षकबाट सुरु भएको नेपाली भाषाशिक्षण परम्परामा समय सापेक्ष नवीन शिक्षण विधि र कार्यकलापको अवलम्बन गरिए पनि यस क्षेत्रमा आशातीत उपलब्धि प्राप्त भएको पाइँदैन । यसै सन्दर्भमा अधिकारी (२०६३) ले विद्यालय स्तरीय नेपाली शिक्षणका तीन स्थितिको चर्चा गर्दै तेस्रो अर्थात् आदर्श स्थितिमा मात्र नेपाली भाषाशिक्षणलाई भाषिक सिपमा आधारित क्रियाकलाप केन्द्रित र अन्तरक्रियात्मक हुन सक्ने बताएका छन् । यसै दिशातर्फ हाम्रा सिकाइ सहजीकरण कार्य अभिमुख हुनु जरुरी छ । कक्षा शिक्षणमा हामी शिक्षक धेरै बोल्छौं, हामी नै जान्ने भइदिन्छौं तर विद्यार्थीका दृष्टिकोण, सोच, अनुभव र व्यवहारको त्यति ख्याल गर्दैनौं । पछाडि बस्ने र कमजोर क्षमताका विद्यार्थीलाई सिकाइको मूल धारमा ल्याउनमा शिक्षकको प्रयास कमै रहन्छ । यस अवस्थामा सिकाइ सहजीकरणलाई सिकारुमैत्री बनाई सिकारुको सिकाइमा सकारात्मक परिवर्तन ल्याउनु नै सिकाइ सहजीकरणको खास मर्म हो । यसर्थ सिकाइ सहजीकरण नै सफल सिकाइको आधार हो । सिकाइ सहजीकरणबाट नै सिकारुको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्नु

नै यस अनुसन्धानको दावी / प्राकल्पना हो । अतः यिनै प्राज्ञिक जिज्ञासा र दावीमा आधारित प्रस्तुत अनुसन्धानका उद्देश्य यस प्रकार छन् :

क) सिकाइ उपलब्धिमा सिकाइ सहजीकरणले पारेको प्रभाव पहिल्याउनु,

ख) सिकाइ सहजीकरण र सिकाइ उपलब्धिबिचको सम्बन्धको खोजी गर्नु ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धानमा मूलतः परिमाणात्मक र केही गुणात्मक गरी मिश्रित विधिको उपयोग गरिएको छ । अनुसन्धान उत्तरप्रत्यक्षवादी दृष्टिकोण, कार्यमूलक रणनीतिक ढाँचा र निर्माणवादी सिद्धान्तमा आधारित छ । अतः अनुसन्धानको दार्शनिक स्थिति र तथ्याङ्क सङ्कलन तथा विश्लेषणको स्थितिलाई अनुसार क्रमशः उल्लेख गरिएको छ :

### दार्शनिक स्थिति

प्रस्तुत अनुसन्धान एकल सत्य (सिङ्गल रियलिटी)मा आधारित छ । उत्तर प्रत्यक्षवादी दर्शनले जीवन जगत्का वस्तुगत तथ्यको खोजी गर्ने हुनाले यहाँ संरचित प्रश्नावलीका माध्यमबाट प्राप्त सत्यलाई वस्तुगत रूपमा अर्थ्याइएको छ । निर्माणवादी सिद्धान्त तथा शिक्षक अभिभावक र विद्यार्थीबाट प्राप्त सूचनालाई ज्ञान (इपिस्टोमोलोजी)का रूपमा लिइएको छ । अनुसन्धानमा सूचकका उत्तरलाई समग्रतामा हेरी मध्यमान र मानक विचलनका आधारमा साझा मूल्यलाई स्वीकार गरिएकाले मूल्य ( एक्जियोलोजी) लाई निरपेक्ष रूपमा लिइएको छ । अनुसन्धानमा तर्क र साक्ष्यलाई लम्बीय र क्षितिजीय रूपमा प्रस्तुत गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका तरिका

प्रस्तुत अनुसन्धानमा लक्षित विद्यालयका कक्षा नौमा पढ्ने जम्मा ५१ जना विद्यार्थीलाई नमुनाका रूपमा लिएर तिनलाई प्रश्नावली उपकरणका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्रारम्भमा सिकाइ समस्याको पहिचानका लागि पाँचजना विषय शिक्षक र छजना सम्बन्धित अभिभावकलाई लिइएको छ । यसमा सर्वप्रथम प्रारम्भिक परीक्षा लिएर त्यसबाट सिकाइको प्रारम्भिक अवस्थाको अध्ययन गरिएको छ भने पहिलो उपलब्धि परीक्षण र दोस्रो उपलब्धि परीक्षणका माध्यमबाट आवश्यक थप तथ्य लिइएको छ । प्रश्नावली एक घन्टीमा सम्पादन गर्न सकिने गरी संरक्षित प्रकृतिका निर्माण गरिएको छ । यस्ता प्रश्नहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा शब्दभण्डार र भाषातत्त्वमा केन्द्रित २५ अङ्कका रहेका छन् ।

### तथ्याङ्क विश्लेषणका विधि

सङ्कलित तथ्याङ्कलाई सुरुमा सिकाइ समस्याको पहिचानका लागि गुणात्मक विधिका आधारमा शाब्दिक तथ्याङ्क लिएर तिनलाई बहुकोणबाट वर्णनात्मक विश्लेषण गरिएको छ । यसपछि सिकाइ सहजीकरण र सिकाइ उपलब्धिबिचको सम्बन्ध पहिल्याउन परिमाणसूचक तथ्यहरू लिइएको छ । यस्ता तथ्यहरुलाई अध्ययन गरी प्राप्ताङ्कको मध्यमान र मानक विचलन निकालिएको छ । यस क्रममा प्रारम्भिक परीक्षाको प्राप्ताङ्कसँग पहिलो उपलब्धि परीक्षण र दोस्रो उपलब्धि परीक्षणबाट प्राप्त नतिजाको तुलना गरीएको छ । अध्ययनमा कार्यमूलक अनुसन्धानको रणनीतिलाई आधार बनाइएको छ । यस क्रममा समस्याको पहिचान, योजनाको निर्माण, योजनाको कार्यान्वयन तथा अवलोकन र प्रतिबिम्बनका चरणमा केन्द्रित रही सिकाइ सहजीकरणले सिकारुको सिकाइ उपलब्धिमा आएको

परिवर्तनको खोजी गरिएको छ । अन्त्यमा अध्ययनको प्राप्तिलाई पूर्वकार्य र सिद्धान्तसँग जोडेर छलफल गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानको सम्बन्ध निर्माणवादी सिद्धान्त (कन्स्ट्रक्टिभिज्म) सँग रहेको छ । यसलाई जोन डिबेको प्रयोगात्मक सिकाइ सिद्धान्त र जिन पियाजेको संज्ञानात्मक निर्माणवादी सिद्धान्तको परिष्कृत, विकसित र नवीन सिद्धान्तका रूपमा लिइन्छ । रसियन मनोवैज्ञानिक लिभ सेमिओनोभिच भिगोत्स्की (सन् १८९६ - १९३४) द्वारा प्रतिपादित सामाजिक सांस्कृतिक निर्माणवादी सिद्धान्तलाई सिकाइ सहजीकरणका क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । भिगोत्स्कीका तीन कृतिहरू *सेलेक्टेड साइकोलोजिकल स्टडीज* (सन् १९५६), *माइन्ड एन्ड सोसाइटी* (सन् १९७८) र *थर्ट एन्डल्याङ्वेज* (सन् १९८६) मा निर्माणवादी सिद्धान्तको स्पष्ट व्याख्या पाइन्छ । यस सिद्धान्तले बालकको सिकाइलाई सामाजिक सांस्कृतिक मनोविज्ञानको उपजका रुपमा लिन्छ ।

भिगोत्स्कीको सामाजिक, सांस्कृतिक निर्माणवादी सिद्धान्तले सिकाइलाई सामाजिक सहकार्यमूलक अन्तरक्रियाको उपजका रुपमा लिन्छ । यस आधारमा शिक्षक एक सहजकर्ता, उत्प्रेरक र अवलोकनकर्ता तथा सिकाइमा सिकारु सक्रिय सहभागी खोजकर्ताका रुपमा रहन्छ । भिगोत्स्कीले सिकाइका निम्ति तीन मुख्य आधारलाई अघि सारेका छन् । ती हुन् : व्यक्तिगत बोली, सिकाइका निम्ति गरिने समर्थन वा संरचनात्मक टेवा र सम्भाव्य विकासको क्षेत्र⁄ सिकाइलाई सामाजिक, सांस्कृतिक सन्दर्भ अनुकूल बनाउन सिकारुका अनुभव तथा आन्तरिक क्षमताको विकास गराउन निर्माणवादी सिद्धान्तको महत्त्व रहने कुरामा उक्त सिद्धान्तले जोड दिन्छ⁄ यसै गरी सिकारुलाई सिकाइमा आवश्यकताअनुसार संरचनात्मक टेवा दिन र यसलाई सम्भाव्य विकासका क्षेत्रमा पुऱ्याउन निर्माणवादी सिद्धान्तको महत्त्व देखिन्छ ।

अत: सिकारुको सिकाइमा देखिने समस्याको पहिचान गरी शिक्षक विद्यार्थीबिच सहयोगात्मक भावनाका साथ सिकाइलाई अर्थपूर्ण र सफल बनाउन निर्माणवादी सिद्धान्तको उपादेयता रहेको छ । सिकारुका अनुभवको क्रमश: विकासको अपेक्षा राख्ने निर्माणवादी सिद्धान्तको सापेक्षतामा प्रस्तुत अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

## तथ्यको प्रस्तुतीकरण

सिकाइ सहजीकरणले नेपाली भाषा सिकाइमा प्रभाव पारेको हुन्छ । यस तथ्यको खोजी गर्ने क्रममा माध्यमिक तहको कक्षा नौमा अध्ययन गर्ने विद्यार्थी, अध्यापन गर्ने शिक्षक र विद्यार्थीका अभिभावकसँग गरिएको प्रश्नोत्तर, छलफल र दस्तावेज अध्ययनलाई आधार बनाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा समस्याको पहिचान गरी शैक्षणिक योजनाको निर्माण, त्यसको कार्यान्वयन र प्रतिबिम्बन गरिएको छ । अनुसन्धानका क्रममा अपनाइएका तीन चरण यस प्रकार छन् :

### समस्याको पहिचान

सूचकबाट प्राप्त तथ्याङ्कका आधारमा सिकारुको सिकाइमा देखिएका समस्यालाई निम्नलिखित बुँदागत रुपमा देखाइएको छ ।

**क) सिकारु सिकाइमा रुचिपूर्वक सहभागी नहुनु**

सिकाइमा सिकारु रुचिपूर्ण किसिमले सहभागी नहुनु मुख्य समस्याका रूपमा देखिएको छ । नमुना छनोटमा लिइएका शिक्षकले विद्यार्थीलाई बलपूर्वक सिकाउनु परेको तर्क गर्छन् । विद्यार्थीमा 'पढ्नुपर्छ' भन्ने भावना आउनुपर्ने शिक्षकहरूको भनाइ छ । विद्यार्थीलाई अवसर दिँदा पनि त्यसलाई उपयोग गर्न नसकेको गुनासो उनीहरुको छ। शिक्षकहरूको जस्तै छनोटमा लिइएका अभिभावकले पनि बाबुनानीको ध्यान पढाइमा भन्दा मोबाइलमा र अन्य पक्षमा बढी रहेकाले सिकाइमा कम रुचि राखेको बताउँछन् । अभिभावक पाँचले आफ्नो नानीको पढाइमा लगनशीलता नभएकोमा गुनासो गर्छन् भने अभिभावक छले पनि कक्षाकार्य गृहकार्यमा ध्यान नदिएकोमा चित्त दुखाउँछन् । यसैगरी लक्षित विद्यार्थी समूह 'क' मध्ये एक जनाले पनि आफू कक्षामा नियमित आउन नसकेको र गृहकार्य, कक्षाकार्य सधैं नगरेको बताउँछन् । यसबाट सिकारु सिकाइमा रुचिपूर्वक सहभागी नभएको देखिन्छ ।

**ख) सफल सिकाइ सहजीकरणतर्फ शिक्षकको गम्भीरता नदेखिनु**

सिकाइ सहजीकरणमा शिक्षकलाई सहजकर्ता, सहयोगी, प्रेरक व्यक्तित्व र परामर्शदाताका रूपमा लिइन्छ । यहाँ अभिभावक र विद्यार्थीबाट प्राप्त प्रतिक्रियाका आधारमा सफल सिकाइ सहजीकरणमा शिक्षकको गम्भीरता नदेखिएको पाइन्छ। यस सन्दर्भमा अभिभावक दुई भन्छन् -"बाबुको नतिजा खस्किनुमा विद्यालय र शिक्षकको पनि दोष देखिन्छ" । अभिभावक दुईले जस्तै अभिभावक पाँचले पनि नानीको पढाइ सुधारमा शिक्षकबाट सहयोगको अपेक्षा राख्छन् । यता विद्यार्थीका कोणबाट हेर्दा पनि लक्षित विद्यार्थी समूह 'क' बाट सिकाउने क्रममा शिक्षकहरू रिसाउने, गाली गर्ने, पिट्ने, झर्को मान्ने गरेको प्रतिक्रिया पाइन्छ। यसैगरी लक्षित समूह 'ख' का विद्यार्थीबाट पनि सिकाउने क्रममा शिक्षकबाट औपचारिकता मात्र पूरा गरेका तर खास समस्यामा केन्द्रित सिकाइ नभएको बताउँछन् । यसबाट पनि सफल सिकाइ सहजीकरणतर्फ शिक्षकको गम्भीरता नदेखिएको स्पष्ट हुन्छ ।

**ग) प्रविधिको दुरुपयोगले पाठ्यक्रम केन्द्रित सिकाइलाई प्रभावित पार्नु**

पछिल्लो समय घर, बजारमा भित्रिएको मोबाइल, ल्यापटप, टिभीजस्ता विद्युतीय संचारका साधनबाट विद्यार्थीहरुले अत्यधिक मात्रामा खेल खेल्ने, भिडियो हेर्ने र त्यसैमा भुल्ने गर्दा पाठ्यक्रम केन्द्रित सिकाइमा कमी आएको प्रतिक्रिया सम्बन्धित शिक्षक र अभिभावकको छ। यस सन्दर्भमा शिक्षक चारले दोस्रो त्रैमासिक परीक्षामा कम अङ्क आउनुमा 'बच्चाहरु मोबाइलमा धेरै भुलेर हो' भन्ने ठान्छन्, यसैगरी शिक्षक तीनले पनि प्रविधिको रमझमबाट आफ्ना छोराछोरीले केही केही त सिकेको सिकेका छन् तर धेरै भुल्न थालेको गुनासो गर्छन् । यसैगरी अभिभावक चारले पनि बाबुको नतिजा राम्रो नआउनुमा उसको संगत भन्दा पनि मोबाइलमा बढीजसो टिकटक हेर्ने, गेम खेल्ने, परीक्षामा नपढ्ने गर्नाले भएको ठान्छन् । यसर्थ प्रविधिलाई आवश्यक मात्रामा उपयोग गरी सिकारुलाई पाठ्यक्रम केन्द्रित सिकाइतर्फ आकर्षित गराउनु समग्र अभिभावक र विषय शिक्षकको कर्तव्य हुन आउँछ ।

**घ) आन्तरिक र प्रारम्भिक परीक्षामा विद्यार्थीले सन्तोषजनक अङ्क प्राप्त गर्न नसक्नु**

लक्षित विद्यालयद्वारा लिइएको आन्तरिक परीक्षामा पनि विद्यार्थीले सन्तोषजनक अङ्क ल्याउन नसकेको देखिन्छ । यस सन्दर्भमा अभिभावक एक भन्छन्- "आज बाबुले प्राप्त गरेको नतिजा त्यति राम्रो छैन । यसमा सुधार आवश्यक छ" । अभिभावक एकले जस्तै अभिभावक दुईले पनि "बरु पहिला अर्को स्कुलमा हुँदा राम्रो नम्बर ल्याएको तर आज राम्रो नम्बर नल्याएको" गुनासो गर्छन् । यस्तै अभिभावक पाँचले पनि नानीको नतिजा अझ राम्रो आओस् भन्ने अपेक्षा राख्छन् । यसैगरी कक्षा नौमा

अध्यापन गर्ने शिक्षक दुईले पनि बच्चाहरूको नतिजाप्रति सन्तोष गर्ने ठाउँ नरहेको प्रतिक्रिया दिन्छन् भने शिक्षक चारले पनि आफ्नो विषयमा धेरै विद्यार्थी अनुत्तीर्ण भएकोमा चिन्ता व्यक्त गर्छन् । यसबाट पनि आन्तरिक परीक्षामा विद्यार्थीले राम्रो नगरेको स्पष्ट हुन्छ ।

लक्षित विद्यालयका नेपाली भाषा शिक्षकबाट लिइएको प्रारम्भिक आन्तरिक परीक्षाको नतिजा पनि औसतभन्दा कम नै देखिन्छ । पाँच अङ्कको सुनाइ र बोलाइ तथा २० अङ्कको पढाइ र लेखाइ सिपमा आधारित भई लिइएको प्रारम्भिक परीक्षामा पनि सबै विद्यार्थीको अङ्क ५० प्रतिशतभन्दा कम देखिन्छ । ५१ जनामा ७ जना विद्यार्थी अनुपस्थित देखिन्छन् । ५१ जनामा ७ जना विद्यार्थी अनुपस्थित रहनुले पनि विद्यार्थी सिकाइमा नियमित, सक्रिय र सहभागी नभएको देखिन्छ । विषय शिक्षकद्वारा लिइएको प्रारम्भिक परीक्षाबाट प्राप्त नतिजाको मध्यमान पूर्णाङ्क २५ मा ८.२ र मानक विचलन १.९९ देखिनुले पनि सिकारुको सिकाइ स्तर कमजोर रहेको स्पष्ट हुन्छ ।

अतः विद्यालयद्वारा लिइएको दोस्रो आन्तरिक परीक्षाको नतिजा, यससम्बन्धी शिक्षक अभिभावकको प्रतिक्रिया र सम्बन्धित विषय शिक्षकबाट लिइएको प्रारम्भिक परीक्षाको नतिजालाई हेर्दा विद्यार्थीको सिकाइ स्तर सन्तोषजनक नभएको पुष्टि हुन्छ । यस समस्यालाई शिक्षक विद्यार्थीबिचको सिकाइ सहजीकरणबाट क्रमशः सुधार गर्दै लान सकिने देखिन्छ ।

**शैक्षणिक योजना निर्माण**

नेपाली भाषा सिकाइ सहजीकरणमा देखिएका समस्याको पहिचानपछि तिनको समाधान गर्न योजना निर्माण गरिएको छ । यो कार्य लक्षित विद्यालयको कक्षा नौमा विषय शिक्षकद्वारा गरिएको छ । शोधार्थीद्वारा विषय शिक्षकले निर्माण गरेका योजनाको अवलोकन र विभिन्न दस्तावेज वा अभिलेखको अध्ययन गरिएको छ । यस्तो योजना नेपाली भाषा कक्षामा गरिने सिकाइ सहजीकरणसँग सम्बन्धित छ । नेपाली भाषा कक्षामा गरिएको सिकाइ सहजीकरण योजनालाई निम्न दुई प्रकारले हेरिएको छः

**दैनिक सिकाइ सहजीकरण योजना :** नेपाली भाषा कक्षामा देखिएका सिकाइ सहजीकरणगत समस्याको समाधान गर्दै सिकारुमैत्री र सहभागितामूलक सिकाइ सहजीकरण गर्न कक्षा शिक्षकद्वारा सर्वप्रथम पाठ्यक्रम र पाठ्यांशमा केन्द्रित रही दैनिक सिकाइ सहजीकरण योजना निर्माण गरिएको छ । यसपूर्व वार्षिक रूपमा तयार गरिएको शैक्षणिक योजनालाई अबदेखि दैनिक रूपमा लिखित योजना नै निर्माण गरी सिकाइ सहजीकरण गर्ने योजना बनाइएको छ । यस्तो योजना *विश्लेषणात्मक चिन्तन, शिक्षण र सिकाइ रणनीति* पुस्तक (क्राओफोर्ड र अन्य, सन् २०१०) मा आधारित भई निर्माण गरिएको छ ।

दैनिक सिकाइ सहजीकरणको नमुना यस प्रकार छ :

**तालिका १**

*दैनिक सिकाइ सहजीकरण योजना* मिति : २०७८।०९।२०

पाठ्यवस्तु : वर्तमान काल र यसका पक्ष

अपेक्षित सिप विकास : भाषातत्त्वको पहिचान

**१. विशिष्ट उद्देश्य**


क) वर्तमान कालको परिचय दिन,

ख) वर्तमान कालका पक्षहरूको पहिचान र प्रयोग गर्न ।

**२. शैक्षणिक सामग्री**

क) वर्तमान कालका पक्ष लेखिएको चार्ट, फलाटिन पाटी,

**३. सिकाइ सहजीकरण प्रक्रिया**

| चरण/समय | क्रियाकलाप |
|---|---|
| **क) उत्सुकता/उत्प्रेरणा**<br>(पाठको तयारी)<br><br>५ मिनेट | क) विद्यार्थीमध्ये जोर नम्बरका विद्यार्थीलाई पहिला र पछि विजोर नम्बरकालाई गृहकार्य प्रस्तुत गर्न लगाउने,<br>ख) समसामयिक घटनाक्रमबारे छलफल गराउने,<br>ग) आज गरिने क्रियाकलाप शैक्षणिक पाटीमा लेखेर जानकारी गराउने । |
| **ख) ज्ञान आर्जन**<br>(पाठको प्रस्तुतीकरण/अभ्यास/उत्पादन)<br><br>३० मिनेट | क) आफूले लगेको वर्तमान कालको परिचय र प्रकार झल्कने उदाहरण तालिका प्रदर्शन गर्ने र पढ्न, बुझ्न लगाउने,<br>ख) विद्यार्थीबाट आएका जिज्ञासा सम्बोधन गरी थप स्पष्ट पारिदिने,<br>ग) व्याकरण अभ्यास २ को उत्तर लेख्न ५ मिनेटको समय दिने, सहजीकरण गर्ने,<br>घ) समय सकिएपछि आआफ्नो ठाउँबाट उठेर प्रस्तुत गर्न लगाई टिप्पणी गराउने,<br>ङ) कक्षाका विद्यार्थीलाई तीन समूह बनाई व्याकरण अभ्यासको ३, ४, ५ गर्न लगाउने,<br>च) समय सकिएपश्चात् टोली प्रमुखद्वारा अगाडि गई प्रस्तुत गर्न लगाउने<br>छ) विद्यार्थीलाई समूहगत टिप्पणी गर्न लगाई आवश्यक पृष्ठपोषण दिने,<br>ज) समस्यामा रहेका विद्यार्थीलाई सहयोग गर्ने । |
| **ग) सुदृढीकरण/प्रतिबिम्बन**<br>(प्रतिबिम्बन/सबलीकरण)<br><br>५ मिनेट | क) वर्तमान काल र यसका प्रकार तथा परिवर्तनसम्बन्धी सिकेका नयाँ कुराबारे छलफल गराउने,<br>**गृहकार्य**<br>क) व्याकरण खण्डको प्रश्न ६ गरेर ल्याउन लगाउने ।<br>**परियोजना कार्य (शिक्षकका लागि)**<br>क) कथाको नमुना तयार गर्ने । |

.........

विषय शिक्षक

तालिका १ अनुसार कक्षा शिक्षकद्वारा तयार गरिएको नेपाली भाषा कक्षामा गरिने दैनिक सिकाइ सहजीकरण योजनालाई उल्लेख गरिएको छ। यसमा सिकाइ सहजीकरणको क्रम र कार्यकलापलाई निर्देशन गरिएको छ। यस्ता योजनाहरू दैनिक रूपमा तयार गरिएका छन्। यस्ता योजनाका आधारमा गरिएको सिकाइ सहजीकरण कार्यबाट सिकारुको सिकाइ उपलब्धिमा सुधार हुने अपेक्षा गरिएको देखिन्छ।

***साप्ताहिक विद्यार्थी अभिलेख निर्माण***

नेपाली भाषा सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउने योजना स्वरूप गरिएको अर्को कार्य विद्यार्थी अभिलेख विवरण निर्माण पनि हो। यसबाट विद्यार्थीलाई सिकाइमा नियमित, सक्रिय र सहभागी बनाउन मिल्ने देखिन्छ। विद्यार्थी अभिलेख विवरण दैनिक सिकाइ सहजीकरण योजनासँग सम्बन्धित रहेको छ। विद्यार्थी अभिलेख विवरण साप्ताहिक रूपमा तयार गरिएको छ। यस्तो अभिलेखबाट शिक्षकलाई आफ्ना विद्यार्थीको सिकाइ उपलब्धि पहिचान गर्न सजिलो भएको छ। यस प्रकारको विवरण साप्ताहिक रूपमा निरन्तर तयार गर्ने र यसको कार्यान्वयन गर्ने योजना विषय शिक्षकको रहेको देखिन्छ। यस्तो योजना माध्यमिक नेपाली शिक्षक निर्देशिका (२०७३, पृ. २७१) लाई आधार बनाई निर्माण गरिएको छ। यसमा हरेक महलअनुसार धेरै राम्रो कार्य गर्नेलाई तीन रेजा (√√√), मध्यम राम्रो, कार्य गर्नेलाई दुई रेजा (√√) र सामान्य कार्य गर्ने विद्यार्थीलाई एक रेजा (√) लगाइने योजना देखिन्छ। साप्ताहिक विद्यार्थी अभिलेख विवरणलाई निम्न तालिकामा देखाइएको छ :

**तालिका २**

*विद्यार्थी अभिलेख विवरण*

**साप्ताहिक विद्यार्थी अभिलेख विवरण (२०७८।०९।२५ - २०७८।१०।०७ सम्म)**

| विद्यार्थीको नाम | नियमितता | सहभागिता | कक्षाकार्य | गृहकार्य | परियोजना कार्य | प्रस्तुतीकरण | अभ्यास | उत्पादन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

..................

विषय शिक्षक

तालिका २ का अनुसार विद्यार्थीको सिकाइ क्रियाकलाप अभिलेख तयार गर्न सहयोग पुऱ्याउने योजना रहेको देखिन्छ। यसबाट विद्यार्थीको नियमितता, सक्रियता, सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, प्रस्तुतीकरण, अभ्यास, उत्पादनजस्ता विविध कार्यको अभिलेख राख्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

***प्रारम्भिक उपलब्धि परीक्षण***

उपलब्धि परीक्षणले सिकारुको सिकाइ अवस्थाको पारख गर्ने कार्य गर्छ। यस आधारमा सिकाइ सहजीकरणले नेपाली भाषा सिकाइमा आएको परिवर्तनको पहिचान गर्न सिकारुको प्रारम्भिक उपलब्धि परीक्षण गर्नु सान्दर्भिक देखिन्छ। यसका लागि कक्षा नौमा सिकाइ सहजीकरण गर्ने शिक्षकद्वारा गरिएको उपलब्धि परीक्षणको अध्ययन गरिएको छ। अध्ययनबाट सिकारुको वर्तमान सिकाइ अवस्थाको पहिचान

गरी भोलिका दिनमा शिक्षकको सिकाइ सहजीकरणबाट सिकारुमा आएको परिवर्तनको खोजी गर्न सजिलो हुने देखिन्छ ।

कक्षा नौका विद्यार्थीहरूका लागि तयार पारिएको प्रारम्भिक उपलब्धि परीक्षण प्रश्न पत्र माध्यमिक तहको शिक्षक निर्देशिका (२०७३) को मार्गनिर्देश र माध्यमिक नेपाली पाठ्यक्रम (२०७२) र पाठ्यपुस्तक (२०७३) को मर्मअनुसार निर्माण गरिएको छ । यसमा सुनाइ र बोलाइ सिपको परीक्षणका लागि ५ अङ्क र पढाइ, लेखाइ, शब्दभण्डार तथा भाषातत्त्व सिपको परीक्षणका लागि २० अङ्कका प्रश्न निर्माण गरिएको छ। एउटा घण्टी (४० मिनेट) मा कार्य सम्पादन गर्नुपर्ने प्रस्तुत प्रश्नपत्रको निर्देशनमा भनिएअनुसारका कार्य गर्न लगाइएको छ । यी प्रश्नको उत्तर जाँच गरी आएको प्राप्ताङ्कलाई यसपूर्वका उपशीर्षकमा उल्लेख गरिएको छ। यसै प्राप्ताङ्कका आधारमा आवश्यक सिकाइ सहजीकरणसँग सम्बन्धित योजना निर्माण गरी कार्यान्वयन गरिएको छ :

***योजनाको कार्यान्वयन***

सिकाइ सहजीकरणसँग सम्बन्धित योजना निर्माणपछि कार्यान्वयनको चरण अवलम्बन गरिएको छ । यस क्रममा हरेक दिन आफूले सिकाइ सहजीकरण गर्ने पाठ्यवस्तु र सिकाइ सहजीकरणसँग सम्बन्धित योजनाअनुसार सिकाइ सहजीकरण कार्य गरिएको छ। सिकाइ सहजीकरण योजनाको कार्यान्वयनलाई पनि दुई किसिमले गरिएको छ :

**दैनिक सिकाइ सहजीकरण योजनाको कार्यान्वयन :** मिति २०७८।०९।१८ गतेदेखि २०७८।११।१० गतेसम्म सिकाइ सहजीकरणसम्बन्धी योजनाको कार्यान्वयन गरिएको छ । यस सन्दर्भमा योजनाको कार्यान्वयनको अर्थ निर्माण गरिएका दैनिक सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण गर्ने कार्य नै हो । यस्तो कार्य कक्षा शिक्षकबाट नियमित र योजनाको मर्मअनुसार नै गरिएको छ। पाठ्यवस्तुअनुसार हरेक दिन शिक्षक विद्यार्थीबाट गरिएका सिकाइ सहजीकरणजन्य कार्यकलापलाई क्रमशः उल्लेख गरिएको छ :

***पाठ्यवस्तु :*** नेपाली भाषा सिकाइ सहजीकरणका क्रममा पाठ्यक्रमले निर्धारण गरेअनुसार पाठ्यवस्तुको पहिचान गरी सिकाइ सहजीकरण गरिएको छ। यसमा पाठ्यवस्तुहरू सस्वरवाचन, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, काल, पक्ष, कथा लेखन, निबन्ध लेखन, विवेचनात्मक उत्तर लेखन, पठन बोध र प्रश्नोत्तर, बुँदाटिपोट र सारांश लेखन, कथाकथन र घटना वर्णन, कार्यमूलक व्याकरण, सिर्जनात्मक कार्य, स्वतन्त्र रचना, एकाग्र सुनाइ, हिज्जे र शब्दभण्डार, जीवनी लेखन, लयबद्ध पठन र शुद्धोच्चारण, भाव विस्तार, अनुच्छेद लेखन, लेख्यचिन्हको प्रयोग रहेका छन्। यस्ता पाठ्यवस्तुहरू विधाको स्वरूपअनुसार निर्धारण गरिएका छन् र यिनको सिकाइ सहजीकरण तरिका पनि फरक फरक हुने अपेक्षा गरिएको छ ।

***विशिष्ट उद्देश्य :*** नेपाली भाषा सिकाइ सहजीकरणका क्रममा निर्धारण गरिएका उद्देश्यहरू पनि विशिष्ट, स्पष्ट र मापनीय रहेका छन् । विशिष्ट उद्देश्यमा राखिएका उदाहरणका लागि सस्वरवाचन गर्न, शुद्धोच्चारण गर्न, शब्दको अर्थ बताउन, वाक्यमा प्रयोग गर्न, परिचय दिन, पहिचान र प्रयोग गर्न, कथा लेख्न, निबन्ध रचना गर्न, विवेचनात्मक प्रश्नको उत्तर लेख्न, टुक्काको अर्थ बताउन, अर्थयुक्त वाक्य निर्माण गर्न, निर्दिष्ट प्रश्नको उत्तर दिन रहेका छन् । यस्तै बुँदाटिपोट गर्न, सारांश लेख्न, सन्दर्भ मिलाएर भन्न, आलोचनात्मक अभिव्यक्ति दिन, शब्दको पहिचान र प्रयोग गर्न, पक्षको पहिचान र प्रयोग गर्न, कथा लेख्न, तर्कपूर्ण उत्तर दिन, भाव बताउन, जीवनी लेख्न, वाचन गर्न, भाव विस्तार

गर्न, लेख्यचिन्हको पहिचान र प्रयोग गर्न रहेका छन् । यस्ता उद्देश्यहरूबाट सिकाइ सहजीकरण कार्य उपलब्धिमूलक र उद्देश्यअनुरूप हुने मानिएको छ ।

***शैक्षणिक सामग्री :*** सिकाइ सहजीकरणको कार्यान्वयनमा उपयोग गरिएका शैक्षणिक सामग्रीहरू विद्यार्थीमैत्री र पाठ्यवस्तु अनुकूल देखिन्छन् । यस्ता सामग्रीहरूमा शब्दसूची, गोजी तालिका, शब्दार्थपत्ती, वाक्यपत्ती, शब्दकोश, फलाटिन पाटी, वर्तमान कालका पक्ष लेखिएको चार्ट, कथाको नमुना, कथा लेखनका लागि निर्देशित बुँदा, निबन्धका भाग, निबन्ध लेखनका बुँदा, नमुना विवेचनात्मक प्रश्न, पाठ्यपुस्तक, शब्दार्थसूची, वाक्यसूची, बोध प्रश्नको सूची, बुँदाटिपोटका नमुना, सारांश लेखनका नमुना, प्रदर्शन पाटी, कृदन्त र तद्धितान्त शब्दको संरचना सूची, अनुच्छेद पत्ती, कथाका बुँदा लेखिएको कार्डबोर्ड रहेका छन् । यस्तै हलन्त र मूर्धन्य 'ष' लागेका शब्दपत्ती, पारिभाषिक वाक्यसूची, पर्याय विपर्याय शब्दसूची, जीवनी लेखनका बुँदा, भाव विस्तारको नमुना, लेख्यचिन्ह प्रयोगको चार्ट, खाली चार्टपेपर, साइनपेन आदिलाई पनि नेपाली भाषा सिकाइ सहजीकरणमा शैक्षणिक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

***सिकाइ सहजीकरण क्रियाकलाप :*** नेपाली भाषा कक्षामा गरिने सिकाइ सहजीकरण कार्यअन्तर्गत सिकाइ सहजीकरण क्रियाकलापलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । सिकाइ सहजीकरणको मुटु वा मर्म भनेकै सिकाइ सहजीकरण कार्यकलाप हो । यसमा शिक्षक र विद्यार्थीद्वारा गरिने समग्र गतिविधिहरू समेटिन्छन् । यिनै कार्यकलाप र गतिविधिद्वारा नै पाठ्यक्रमले राखेका सिकाइ उपलब्धि प्राप्त गर्न मद्दत मिल्छ । यहाँ पनि पाठ्यवस्तु र विशिष्ट उद्देश्यअनुसार तयार गरिएको सिकाइ सहजीकरण क्रियाकलापको कार्यान्वयन निम्न तीन चरणमा केन्द्रित रहेर गरिएको देखिन्छ :

***उत्प्रेरणासम्बन्धी क्रियाकलाप :*** नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गराउने क्रममा विद्यार्थीलाई सर्वप्रथम सिकाइप्रति उत्प्रेरणा जगाउने कार्यक्रम गरिएको छ । यसमा सिकारुलाई पाठको तयारी स्वरूप पाठप्रति उत्सुकता जगाउने प्रयास गरिएको छ । यसमा विद्यार्थीलाई पाठप्रति प्रेरित गर्न मस्तिष्क झन्झास्वरूप समसामयिक सन्दर्भमा आधारित घटना सुनाउने र सुन्न लगाउने गरिएको छ । यसै गरी पाठअनुकूल कथा, कविता, निबन्ध, चुट्किला, गीत, गजल सुनाउने र सुनाउन लगाउने गरिएको छ । यस्तै आफ्नो बाल्यकालीन रोचक घटना वा स्मरण सुनाउन लगाउने, समस्यामूलक प्रश्न सोधेर उत्तर दिन लगाउने, कुनै व्यक्ति वा जनावरका क्रियाकलापको अभिनय गर्न लगाउने, सामान्य ज्ञानसँग सम्बन्धित प्रश्नोत्तर गराउने, आफ्नो समाज, संस्कृति जाति, भाषा, भेषभूषा आदिबारे अन्तरक्रिया गराइएको छ । यसका साथै अघिल्लो दिन दिइएको गृहकार्य प्रस्तुत गर्न लगाउने, गृहकार्यमा देखिएका समस्या र राम्रा पक्षका बारेमा छलफल गराउने गरिएको छ । अन्त्यमा आज पढ्ने पाठका बारेमा शैक्षणिक पाटीमा लेखेर जानकारी गराई विद्यार्थीलाई पाठप्रति उत्प्रेरणा जगाउने कार्यकलाप गराइएको छ ।

***ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप :*** सिकाइ सहजीकरणका क्रममा योजनाको कार्यान्वयन गर्ने सिलसिलामा ज्ञान आर्जनसँग सम्बन्धित क्रियाकलापलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । यसअन्तर्गत प्रस्तुतीकरण, अभ्यास र उत्पादनसँग सम्बन्धित क्रियाकलापहरू पर्दछन् । यसलाई सिकाइ सहजीकरणको मुख्य कार्यका रूपमा लिइन्छ । करिब ३० मिनेटमा सम्पन्न गरिसक्नुपर्ने यस चरणमा शिक्षक विद्यार्थीद्वारा विद्यार्थीले ज्ञान आर्जनसँग सम्बन्धित भएर विभिन्न भाषिक कार्य गरिएको छ । यसमा सिकाइ सहजीकरणका विविध पद्धति, विधि र कार्यकलापको उपयोग गरिएको छ । यसमा

पाठ्यवस्तु अनुकूल शिक्षक र विद्यार्थीकेन्द्रित कार्यकलाप गराइएको छ । अझ सिकाइ सहजीकरणमा त विद्यार्थीमैत्री र सहभागितामूलक कार्यकलाप गराइएको छ । भाषिक खेल, धारणा, छलफल, प्रश्नोत्तर, खोज, समस्या समाधान, सहकार्यकलाप, सहयोगात्मक सिकाइ, पाठको प्रस्तुतीकरण, अभ्यास, उत्पादनसँग सम्बन्धित कार्यकलाप नेपाली भाषा कक्षामा योजनाको कार्यान्वनयका क्रममा भाषा शिक्षकद्वारा गराइएको देखिन्छ । यसमा व्यक्तिगत र समूह कार्य गराउने, समूह विभाजन गर्ने, टोली नेताको चयन गर्ने व्यक्तिगत र टोली नेताद्वारा कक्षाकार्यको प्रस्तुतीकरण गराउने, अन्तरसमूहगत छलफल र पृष्ठपोषण दिन लगाई सिकाइ कार्य गराइएको देखिन्छ । यसमा शिक्षकले सिकाइका लागि सहजीकरण गर्ने, परामर्श दिने समूहकार्य गराउने र आवश्यकतानुसार उत्प्रेरणा र पृष्ठपोषण दिई सिकाइ सहजीकरण कार्यलाई सफल बनाउन प्रयास गरिएको छ । यसमा शिक्षकद्वारा सिकाइका क्रममा समस्यामा परेका, पछाडि बस्ने र विशेष बालबालिकालाई पनि विशेष सहयोग पुऱ्याइएको देखिन्छ ।

***सुदृढीकरणसम्बन्धी क्रियाकलाप*** **:** सिकाइ सहजीकरणको कार्यान्वयनका सन्दर्भमा सुदृढीकरणसँग सम्बन्धित क्रियाकलापअन्तर्गत प्रतिबिम्बन र सबलीकरण कार्य पर्दछन् । कक्षाकार्यकलापको उत्तरार्धतिर करिब ५ मिनेटको समयमा सम्पन्न गरिसक्नुपर्ने यस चरणमा विद्यार्थीहरूमा पाठ्यवस्तुसँग सम्बन्धित ज्ञान, सिप र धारणाको विकास भए नभएको मूल्याङ्कन गरिन्छ । गृहकार्य दिइन्छ र शिक्षक विद्यार्थीका लागि परियोजना कार्य तय गरिन्छ । यस सन्दर्भमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण कार्यकलाप गराउँदा भाषा शिक्षकद्वारा पाठ्यवस्तु अनुकूल मूल्याङ्कन तथा प्रतिबिम्बन गरिएको छ । यस्तो कार्य विद्यार्थीलाई आवश्यकताअनुसार मौखिक, लिखित, व्यक्तिगत, सामूहिक, पाठगत, अभ्यासगत, सिपगत, पक्षगत, जुनसुकै पनि दिइएको देखिन्छ । यसै गरी यस चरणमा आवश्यकताअनुसार मौखिक र लिखित गृहकार्य दिइएको छ । अन्त्यमा विद्यार्थीका लागि समय अनुकूल परियोजना कार्य तथा शिक्षकद्वारा अर्को दिन सिकाउने पाठ्यवस्तुमा आधारित भएर परियोजना कार्य गर्ने योजना रहेको देखिन्छ । यस्ता कार्यहरूमा पाठ्यवस्तु अनुकूल बोध प्रश्नको सूची निर्माण गर्ने, शब्दार्थ र वाक्यसूची निर्माण गर्ने, आफूले जाने, सुनेको कथा लेख्न लगाउने आदि रहेका छन् ।

***विद्यार्थी अभिलेख विवरण (साप्ताहिक) को कार्यान्वियन***

योजनाको कार्यान्वयन गर्ने क्रममा यहाँ निर्माण गरिएको विद्यार्थी अभिलेख विवरणको कार्यान्वयन गरिएको छ । एकातर्फ नेपाली भाषा शिक्षकद्वारा सिकाइ सहजीकरणका क्रममा दैनिक सिकाइ सहजीकरण योजनाअनुसार शिक्षण सिकाइ कार्य गरिएको छ भने विद्यार्थी अभिलेख विवरणमार्फत विद्यार्थीको सिकाइमा सक्रियता, सहभागिता र त्यसको निरन्तरताको खोजी गरिएको छ । यस्तो अभिलेख भर्ने कार्य दिनदिनैको विद्यार्थीको भूमिकालाई हेरेर साप्ताहिक रूपमा गरिएको छ । अभिलेख कार्यान्वयन गर्ने क्रममा यसपूर्व निर्माण गरिएको अभिलेख विवरण योजनाअनुसार विद्यार्थीको उपस्थिति र अनुपस्थितिका आधारमा त्यसको विवरण भरिएको छ। यसरी भर्ने क्रममा हरेक महलअनुसार धेरै राम्रो कार्य गर्ने विद्यार्थीलाई तीन रेजा (√√√), मध्यम राम्रो कार्य गर्ने विद्यार्थीलाई दुई रेजा (√√) र सामान्य राम्रो, सामान्य कार्य गर्ने विद्यार्थीलाई एक रेजा (√) लगाइएको छ । यसबाट विद्यार्थीलाई नियमित र सक्रिय भई सिकाइ कार्यमा बल पुग्ने अपेक्षा गरिएको छ । यो विवरण हरेक

दिन भरेर विद्यार्थीलाई सुनाइएको छ । एकमुष्ट विवरण तयार गर्ने काम भने साप्ताहिक रूपमा गरिएको छ ।

***उपलब्धि परीक्षण***

नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गर्ने क्रममा योजनाको निर्माण र कार्यान्वयनपछि मूल्याङ्कन गरिएको छ । निर्दिष्ट उद्देश्यअनुकूल सिकाइ भए नभएको तथा सिकाइमा परिवर्तन आए नआएको भनेर मापनका लागि उपलब्धि परीक्षण गरिएको छ । ३२ ओटा सिकाइ सहजीकरण योजनाको निर्माण र ८ हप्ताको विद्यार्थी अभिलेख विवरणको कार्यान्वयनपछि सिकारुको सिकाइ उपलब्धि परीक्षण गरिएको छ । यसका लागि प्रारम्भिक परीक्षाको ढाँचामा र सोही कठिनाइ स्तरका प्रश्न निर्माण गरी सिकारुको सिकाइ उपलब्धि मापन गरिएको छ ।

प्रश्नपत्रअनुसार सुनाइ र बोलाइ सिपको परीक्षणका लागि ५ अङ्क छुट्याइएको छ । यस्तै प्रकृतिको प्रश्न प्रारम्भिक परीक्षामा पनि सोधिएको थियो । पढाइ र लेखाइ सिपको परीक्षणका लागि २० अङ्क छुट्याइएको छ । यसअन्तर्गत व्याकरणबाट ५ अङ्क, शब्दभण्डारबाट ५ अङ्क र विधागत रूपमा सप्रसङ्ग र व्यावहारिक लेखन सिपको परीक्षणका लागि १० अङ्कका प्रश्न सोधिएको छ । यही अङ्क र ढाँचाका प्रश्न प्रारम्भिक परीक्षामा पनि सोधिएको थियो । यस पटकको परीक्षामा प्रश्नको प्रकृतिमा सामान्य फरक भए पनि विधागत क्षेत्र र कठिनाइ स्तर प्रायः समान बनाइएको छ । परीक्षामा सोधिएका प्रश्नहरू योजना निर्माण गरी कार्यान्यवन गरिएका क्षेत्रमा आधारित छन् ।

लक्षित विद्यार्थीमा गरिएको पहिलो उपलब्धि परीक्षाको नतिजा हेर्दा प्रारम्भिक परीक्षाको नतिजाभन्दा सबै विद्यार्थीहरूको यस पटकको नतिजामा प्राप्ताङ्क बढेको देखिन्छ । प्रारम्भिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको न्यूनतम अङ्क ४ र अधिकतम अङ्क १२ रहेको देखिन्छ । यसमा सुधार आई यस पटकको परीक्षामा विद्यार्थीले न्यूनतम अङ्क १० र अधिकतम अङ्क १८ प्राप्त गरेका छन् । यस आधारमा प्रारम्भिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको मध्यमान अर्थात् औसत अङ्क ८.०२ र मानक विचलन १.९९ देखिन्छ भने पहिलो उपलब्धि परीक्षामा विद्यार्थीले प्राप्त गरेको मध्यमान १५.२७ र मानक विचलन १.८३ रहेको छ । यस आधारमा प्रारम्भिक परीक्षाको प्राप्ताङ्कभन्दा सिकाइ सहजीकरणपछि विद्यार्थीले पहिलो उपलब्धि परीक्षणमा प्राप्त गरेको अङ्क दोब्बर देखिन्छ । यसबाट सिकाइ सहजीकरणले सिकारुको सिकाइमा सकारात्मक परिवर्तन आएको स्पष्ट हुन्छ ।

***शैक्षणिक योजना निर्माणको निरन्तरता***

पहिलो उपलब्धि परीक्षणबाट प्राप्त सकारात्मक प्रतिफलस्वरूप नेपाली भाषा शिक्षकद्वारा दैनिक सिकाइ सहजीकरण योजना र विद्यार्थीको अभिलेख निर्माण कार्यलाई निरन्तरता दिइएको छ । यो कार्य पूर्ववत् रूपमा मिति २०७८।११।१६ देखि २०७८।१२।२४ सम्म गरिएको छ । शैक्षणिक योजना निर्माणको निरन्तरतालाई निम्न लिखित दुई प्रकारमा हेर्न सकिन्छ :

**दैनिक सिकाइ सहजीकरण योजना :** सिकाइ सहजीकरणको यस चरणमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गराउँदा पूर्ववत् रूपमा दैनिक सिकाइ सहजीकरण योजना निर्माण गरिएको छ । यस्तो योजनाको प्रारम्भ खण्डमा मिति, पाठ्यवस्तु र अपेक्षित सिपलाई राखिएको छ । यसैगरी विशिष्ट उद्देश्य, शैक्षणिक सामग्री र सिकाइ सहजीकरण कार्यकलाप उल्लेख गरिएको छ । सिकाइ सहजीकरण क्रियाकलापलाई पनि चरण, समय र कार्यकलापमा व्यवस्थापन गरिएको छ । सिकाइ क्रियाकलापको चरणलाई पनि उत्प्रेरणा/उत्सुकताको चरण (पाठको तयारी), ज्ञान आर्जनको चरण (पाठको

प्रस्तुतीकरण, अभ्यास, उत्पादन) र सुदृढीकरणको चरण (प्रतिबिम्बन, सबलीकरण) गरी विभाजन गरिएको छ । यसमा पहिलो चरणलाई ५ मिनेट, दोस्रो चरणलाई ३० मिनेट र तेस्रो चरणलाई ५ मिनेट छुट्याई सिकाइ सहजीकरण गर्ने योजना दैनिक रूपमा निर्माण गरिएको छ ।

***साप्ताहिक विद्यार्थी अभिलेख निर्माण***

नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गर्ने क्रममा यसपूर्व निर्माण गरिएअनुसार सिकाइ सहजीकरण योजनासँगै विद्यार्थी अभिलेख विवरण निर्माण गरिएको छ । यस्तो विवरण साप्ताहिक रूपमा निर्माण गरिएको छ । अभिलेख निर्माणमा विद्यार्थीको सिकाइमा नियमितता, सक्रियता, सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई आधार बनाइएको छ । यसमा हरेक महलमा विद्यार्थीको उपस्थितिका आधारमा धेरै राम्रो गर्ने विद्यार्थीलाई तीन रेजा (√√√), ठिक्क राम्रो गर्ने विद्यार्थीका लागि दुई रेजा (√√) र सामान्य उपस्थिति जनाउने विद्यार्थीका लागि एक रेजा (√) लगाउने योजनाअनुसार यस्तो अभिलेख निर्माण गरिएको छ । यसबाट नेपाली भाषा सिकाइ सहजीकरणबाट सिकारुको सिकाइ स्तरमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

***शैक्षणिक योजनाको कार्यान्वयन***

कक्षा नौको नेपाली भाषा सिकाइ सहजीकरणका क्रममा शैक्षणिक योजनाको निर्माणसँगै यसको कार्यान्वयन गरिएको छ । योजनाको कार्यान्वयन पनि पूर्ववत रूपमा दैनिक सिकाइ सहजीकरण योजना र विद्यार्थी अभिलेख विवरणको कार्यान्वयन गरी निम्न लिखित दुई किसिमले गरिएको छ :

**दैनिक सिकाइ सहजीकरण योजना :** नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण गर्ने क्रमा निर्माण गरिएको दैनिक सिकाइ सहजीकरण योजनाको कार्यान्वयन गरिएको छ । यस क्रममा सिकाइ सहजीकरण योजनाअनुसार सिकारुलाई विशिष्ट उद्देश्यअनुसार पाठ्यवस्तु सिकाउने कार्य गरिएको छ । यो कार्य पहिलो उपलब्धि परीक्षा लिएको भोलिपल्ट अर्थात् २०७८।११।१६ देखि २०७८।१२।२४ सम्म नियमित रूपमा गरिएको छ । सहजीकरण योजनाअनुसार सिकाइ गराउने क्रममा पाठ्यवस्तु निर्धारण गर्ने पाठ्यवस्तुअनुसार विशिष्ट उद्देश्य निर्माण गर्ने र उद्देश्यअनुसारका शैक्षणिक सामग्री तयार गर्ने गरिएको छ। विशिष्ट उद्देश्य र सामग्रीअनुसार सिकाइ सहजीकरण कार्यकलाप सञ्चालन गर्ने, विद्यार्थीलाई सिकाइप्रति उत्सुकता जनाउने, ज्ञान निर्माण गराउने र ज्ञानको सुदृढीकरण गर्ने कार्य गरिएको छ । यस क्रममा शिक्षक विद्यार्थी अन्तरक्रिया, छलफल, खोज, प्रस्तुतीकरण, अभ्यास, उत्पादन, कक्षाकार्य, गृहकार्य, उत्प्रेरणा, पृष्ठपोषणसँग सम्बन्धित गतिविधि र कार्यलाई प्रभावकारी रूपमा सञ्चालन र उपयोग गरिएको छ। यसमा पूर्ववत् योजनाको कार्यान्वयन जस्तै गरी सिकारुमैत्री र सहभागितामूलक सिकाइमा जोड दिइएको छ । सिकाइमा पछि परेका, सिकाइमा अलमलमा परेका र विशेष बालबालिकालाई व्यक्तिगत र समूहगत रूपमा सिकाइएको छ । सिकाइमा शिक्षक र विद्यार्थीको रुचिपूर्ण सहभागिता देखिन्छ ।

**विद्यार्थी अभिलेख विवरण (साप्ताहिक) :** नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणसँगै विद्यार्थी अभिलेख विवरणको कार्यान्वयनलाई निरन्तरता दिइएको छ। एकातर्फ दैनिक सिकाइ सहजीकरण योजनाअनुसार शिक्षक विद्यार्थी कार्यकलापलाई सिकारुमैत्री र सहभागितामूलक बनाउँदै लगिएको छ भने अर्कातर्फ सिकारुका हरेक गतिविधिको अभिलेख राख्ने काम गरिएको छ । यस्तो विवरण दैनिक व्यवहारका आधारमा साप्ताहिक रूपमा निर्माण गरिएको छ । विद्यार्थी अभिलेख विवरण निर्माण गर्ने

क्रममा पूर्व योजनाअनुसार नै विद्यार्थीको नियमितता, सक्रियता, सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई आधार बनाइएको छ। यसबाट हरेक विद्यार्थीको सिकाइप्रतिको लगाव, नियमितता, सक्रियता र उसको सिकाइमा आएको परिवर्तनको पहिचान गरी सोअनुसार शिक्षकलाई सिकाइ सहजीकरण गर्न सजिलो हुने देखिएको छ। अर्कोतर्फ सिकारुलाई पनि सिकाइप्रतिको आफ्नो अवस्था बोध भई अगाडि बढ्न प्रेरणा मिलेको देखिन्छ। विद्यार्थीको अभिलेख निर्माण गरी सिकाइ सहजीकरण गर्ने कार्य यस दोस्रो चरणमा २०७८।११।१६ देखि २०७८।१२।२४ सम्म जम्मा ३० दिन गरिएको छ।

***दोस्रो उपलब्धि परीक्षण***

नेपाली भाषा कक्षामा दैनिक सिकाइ सहजीकरण योजना र विद्यार्थी अभिलेख विवरणको कार्यान्वयनपछि सिकारुको सिकाइमा आएको परिवर्तन पहिचानका लागि उपलब्धि परीक्षण गरिएको छ। यसपूर्व पनि पहिलो उपलब्धि परीक्षण गरी सिकारुको सिकाइ स्तर पहिचान गरिएको थियो। यसपटक गरिएको दोस्रो उपलब्धि परीक्षणमा पनि प्रारम्भिक परीक्षा र पहिलो उपलब्धि परीक्षामा सोधिएका जस्तै प्रश्नका क्षेत्र, कठिनाइ स्तर र प्रकृतिका प्रश्न निर्माण गरी सिकारुको सिकाइ उपलब्धि परीक्षण गरिएको छ। यसमा ५ अङ्कका सुनाइ र बोलाइ सिपसँग सम्बन्धित प्रश्न तथा २० अङ्कका पढाइ र लेखाइ सिपमा आधारित प्रश्न सोधिएका छन्। यस कार्यमा पनि शोधार्थी अवलोकनकर्ताका रूपमा र सम्बन्धित भाषा शिक्षकद्वारा प्रश्न निर्माण गरी परीक्षाको सञ्चालन र उत्तरपुस्तिका परीक्षण गरिएको छ।

दोस्रो उपलब्धि परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र यस प्रकार छ :

विषय : नेपाली — मिति : २०७८।१२।२३
पूर्णाङ्क : २५ — समय : ४० मिनेट
उत्तीर्णाङ्क : १० — विद्यार्थी सङ्ख्या : ५१

**खण्ड (क) सुनाइ र बोलाइ परीक्षण**

१. तलका प्रश्नको जवाफ दिनुहोस् : ५

क) तलका शब्दहरू शुद्ध उच्चारण गर्नुहोस् :
विधुर, मुण्डन, रङ्गढङ्ग, बह, आयोजना, याचक

ख) 'बन्धनबाट मुक्ति' कथाका पात्रहरूमध्ये तिमीलाई बढी मन पर्ने पात्र को हो र किन मन पऱ्यो ?

ग) तपाईंले देखेको, सुनेको वा भोगेको कुनै एक घटनाको वर्णन गर्नुहोस्।

**खण्ड (ख) पढाइ र लेखाइ परीक्षण**

२. कोष्ठकमा दिइएको सङ्केतका आधारमा उपयुक्त उत्तर लेख्नुहोस् : ५

क) तिमी घर ..............। (जा : आज्ञार्थक)
ख) रमिता बजार गई। (पुलिङ्ग)
ग) उनीहरू गृहकार्य गर्छन्। (प्रथम पुरुष)
घ) परीक्षार्थी परीक्षा दिन्छन्। (कर्मवाच्य)
ङ) गत वर्ष धेरै मकै ....। (फल् : पूर्ण भूत)

| | | |
|---|---|---|
| ३. | तलका शब्द राखी वाक्य निर्माण गर्नुहोस् :<br>निराहार, मेरा गोरुको बाह्रै टक्का, आलु खानु, तपतप, है | ५ |
| ४. | महिला हिंसा रोक्ने मुख्य पाँच उपाय उल्लेख गर्नुहोस् । | ५ |
| ६. | 'स्वच्छ खानेपानीको व्यवस्था गरिदिनु' भन्ने विषय राखी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् । | |

यहाँ दिइएको प्रश्न लक्षित विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्न निर्माण गरिएको छ । यो प्रश्न यस पूर्वको प्रारम्भिक परीक्षा र पहिलो उपलब्धि परीक्षणमा निर्माण गरिएका प्रश्नको ढाँचा, क्षेत्र र कठिनाइ स्तरका छन् । यी प्रश्नमा शुद्धोच्चारण, घटना वर्णन र तर्कपूर्ण अभिव्यक्तिमा आधारित भएर सुनाइ र बोलाइ सिपको परीक्षण गरिएको छ । यसैगरी पढाइ, लेखाइ तथा शब्दभण्डार र व्याकरणसँग सम्बन्धित प्रश्न ५।५ अङ्कका दरले २० अङ्कका सोधिएको छ । यी प्रश्न एकाइ परीक्षामा सोधिने ढाँचा र समयमा आधारित छन् । यसका लागि ४० मिनेटको समय निर्धारण गरेर विद्यार्थीलाई प्रश्नपत्र र उत्तरपुस्तिका वितरण गरी शान्त र स्वतन्त्र वातावरणमा लिखित परीक्षा लिइएको छ । समय सकिएपछि उत्तरपुस्तिका सङ्कलन गरी परीक्षण गरिएको छ । सुनाइ र बोलाइ सिपको परीक्षण तथा पढाइ र लेखाइ सिपको परीक्षणबाट प्राप्त अङ्कलाई जोडेर विद्यार्थीको प्राप्ताङ्क निर्धारण गरिएको छ ।

लक्षित विद्यालयका विद्यार्थीले दोस्रो उपलब्धि परीक्षामा प्राप्त गरेको नतिजाअनुसार लक्षित विद्यार्थीको पहिलो उपलब्धि परीक्षामा भन्दा दोस्रो उपलब्धि परीक्षामा प्राप्ताङ्क बढेको देखिन्छ । यसैगरी विद्यालयद्वारा लिइएको दोस्रो आन्तरिक परीक्षाको प्राप्ताङ्कभन्दा विद्यार्थीको तेस्रो अर्थात् अन्तिम परीक्षाको नेपाली विषयको प्राप्ताङ्क पनि बढेको देखिन्छ । यो वृद्धि दर सुरुमा लिइएको प्रारम्भिक परीक्षाभन्दा पहिलो उपलब्धि परीक्षा र पहिलो उपलब्धि परीक्षाभन्दा दोस्रो उपलब्धि परीक्षामा क्रमशः बढ्दो क्रममा रहेको छ। पहिलो उपलब्धि परीक्षाभन्दा दोस्रो उपलब्धि परीक्षाबाट विद्यार्थीको प्राप्ताङ्कमा वृद्धि अङ्क पनि न्यूनतम १ देखि अधिकतम ९ सम्म रहेको छ । दोस्रो उपलब्धि परीक्षणमा विद्यार्थीको मध्यमान अङ्क अर्थात् औसत अङ्क १७.४३ र मानक विचलन १.८५ रहेको छ । यो अङ्क प्रारम्भिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्कभन्दा ९.२७ ले बढी छ । यसै गरी दोस्रो उपलब्धि परीक्षामा विद्यार्थीले नेपाली विषयमा प्राप्त गरेको अङ्क पहिलो उपलब्धि परीक्षामा प्राप्त गरेको अङ्कभन्दा २.१६ ले बढी रहेको देखिन्छ । विद्यालयद्वारा लिइएको दोस्रो आन्तरिक परीक्षामा विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ५७.२६ र मानक विचलन ११.९३ रहेकोमा अन्तिम परीक्षाको मध्यमान ६७.७६ र मानक विचलन ११.६३ रहेको छ । यसबाट पनि सिकाइ सहजीकरणको सकारात्मक प्रभाव सिकाइमा परेको पुष्टि हुन्छ ।

## नतिजा र विमर्श

सिकाइका क्रममा सिकारुमा विभिन्न समस्या देखिन सक्छन् । त्यस्ता समस्याको पहिचान गरी सफल सिकाइतर्फ केन्द्रित गराउनु सिकाइ सहजीकरणको मूल मर्म हो । सिकारुका सिकाइगत समस्याका कारण आन्तरिक परीक्षा र विषय शिक्षकद्वारा लिइएको प्रारम्भिक परीक्षामा उनीहरुले सन्तोषजनक नतिजा प्राप्त गर्न सकेका छैनन् । यस अवस्थालाई मनन गरी योजनाबद्ध रुपमा गरिएको सिकाइ सहजीकरण र निरन्तर रुपमा निर्माण गरी उपयोगमा ल्याइएको विद्यार्थी अभिलेखबाट पहिलो

उपलब्धि परीक्षणमा विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि भएको छ । यही क्रममा गरिएको दोस्रो चरणको शैक्षणिक योजना र अभिलेख अध्ययनको परिणाम स्वरूप दोस्रो उपलब्धि परीक्षामा पनि विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि भएको छ । यसबाट सिकारुको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन ल्याउन सफल सिकाइ सहजीकरण महत्त्वपूर्ण हुने देखिएको छ ।

शिक्षकको सिकारुप्रति गरिने निरन्तरको सहजीकरण, सहयोग, उत्प्रेरणा, पृष्ठपोषण, व्यक्तिगत र समूह सिकाइ नै सिकारुको सिकाइमा देखिने सकारात्मकपरिवर्तनका कारक तत्त्व हुन् । अग्रज, जान्ने वा शिक्षकको आवश्यक सहयोग पाएमा सिकारु सम्भाव्य विकासका क्षेत्रमा पुग्न सक्छ भन्ने भिगोत्स्की (सन् १९७८, पृ. १०२) र चङ्क (सन् २०१२, पृष्ठ ५२) को मान्यतालाई सिकाइ सहजीकरणपश्चात विद्यार्थीले प्राप्त गरेको नतिजाले पुष्टि गर्छ । यसमा सिकारुको सिकाइ उपलब्धि वृद्धि गर्नमा अर्थपूर्ण सिकाइ सहजीकरणको विशेष महत्त्व रहेको तथ्य स्पष्ट हुन्छ । सिकारुको सिकाइमा देखिने समस्याको पहिचान गरी योजना निर्माण र त्यसको कार्यान्वयनपछि प्राप्त उपलब्धिको अवलोकन र प्रतिबिम्बनबाट आफ्नो कार्यक्षेत्रमा सुधार ल्याउन सकिन्छ भन्ने खनाल (२०७३), फरेन्सी (सन् २०२०), आचार्य (सन् २०२२), त्रिपाठी (सन् २०२२) को मान्यतालाई नेपाली भाषा कक्षामा गरिएका सिकाइ सहजीकरणजन्य कार्यकलापले देखाउँछ । अतः सफल सिकाइ सहजीकरण नै सिकाइ उपलब्धिको आधार हो ।

## निष्कर्ष

सिकाइको सफलता र असफलतामा सिकारु मात्र जिम्मेवार हुँदैन । यसका लागि अभिभावक शिक्षक र प्रशासनको पनि भूमिका रहन्छ । सिकारुमा देखिने सिकाइगत समस्याको पहिचानपछि योजनाबद्ध रूपमा गरिएको सिकाइ सहजीकरणबाट सिकारुको उपलब्धिमा वृद्धि भएको छ । सिकाइ सहजीकरणका क्रममा शिक्षकबाट गरिने सहयोग, सिकारुमैत्री सामग्री, विधि र कार्यकलापको उपयोग तथा सिकारुप्रति गरिने स्वतन्त्रता र सम्मान महत्त्वपूर्ण हुन्छ । यसैगरी सिकारु पनि सिकाइमा नित्य सहभागी हुने, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, अभ्यास, उत्पादनजस्ता कार्यमा सरिक हुने गर्नाले पनि सिकाइ उपलब्धि वृद्धि हुनमा सहयोग मिल्ने देखिन्छ । सिकाइ पिरामिड (व्यक्तिगत सिकाइ, जोडीगत सिकाइ, समूहगत सिकाइ र समग्र कक्षागत सिकाइ) मा जोड दिई सिकाइलाई सहयोगात्मक बनाउनाले पनि सिकाइको स्तर वृद्धि गर्नमा मद्दत मिल्छ ।

विद्यार्थीको पाठ्यक्रम केन्द्रित सिकाइमा सूचना र प्रविधिको दुरुपयोगले पनि प्रभाव पारेको हुन्छ । मोबाइल, ल्यापटप, टिभीजस्ता सामग्रीबाट विभिन्न विद्युतीय खेल हेर्ने, घण्टौँ बिताउने गर्नाले पनि अपेक्षित पाठ्यक्रम केन्द्रित सिकाइमा बाधा पुगेको देखिन्छ । यसलाई आवश्यकतानुसार उपयोग गर्न दिनमा शिक्षक र अभिभावकको पनि नियमन आवश्यक छ । सिकाइमा सिकारुका व्यक्तिगत, मनोवैज्ञानिक, सामाजिक तथा पारिवारिक समस्यालाई पहिचान गरी सिकारुकेन्द्रित र अर्थपूर्ण सिकाइतर्फ सम्बन्धित शिक्षकको ध्यान जान जरुरी छ । सिकाइ सहजीकरणमा आधारित कक्षाकार्यकलापलाई पनि उत्प्रेरणा, ज्ञानआर्जन र सबलीकरणसँग सम्बन्धित गराई उत्पादनात्मक बनाउँदा सिकाइ अझ रोचक र सफल बन्ने देखिन्छ । सिकारुको सिकाइलाई समाज, संस्कृति, भाषा, साहित्य, दर्शन, मनोविज्ञानसँग पनि आबद्ध गराउनाले ज्ञान निर्माणको आयाममा वृद्धि हुने देखिएको छ । घरमा पनि विहानबेलुका पत्रपत्रिका पढ्न लगाउने, समाजका दाजुदिदीसँग अन्तरक्रिया गर्न लगाउने, सामाजिक सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा सहभागी गराउनाले पनि सिकारुको सिकाइ

सहज बन्न पुग्छ । यसमा मुख्य गरी सिकारुको शैक्षणिक र मनोवैज्ञानिक पक्षलाई महत्त्व दिन जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अकनर, के.ए.; ग्रिन, एच,सी. एन्ड एन्डर्सन, पि.जे.( २०१४ अगस्ट २०), एक्सन रिसर्च : अ टुल पर इम्प्रोभिङ टिचर क्वालिटी एन्ड क्लासरूम प्राक्टिस, https://www.researchgate.netpublication/234749663

अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण केही परिप्रेक्ष तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अफ्रिजन, एम. (२०१५ जुलाई), अ क्लासरुम एक्सन रिसर्च : इम्प्रुभिङ स्किल्स अफ इन्फोमेसन ग्याप एक्टिभिटिज, इंग्लिस एजुकेसन जर्नल (ई,एल.टी.), ६(३), ३४२-३५५ ।

आचार्य, कमलप्रसाद (२०२२ जनवरी ३०), पार्टिसिपेट्री एक्सन रिसर्च, रिफ्लेक्सन, इनसाइटस एन्ड च्यालेन्जेज (विचार पत्र प्रस्तुत) प्राध्यापक बहस चौतारी ।

कोहन, एल.;मनिन,एल.र मरिसन,के.(सन् २०११), रिसर्च मेथड्स इन एजुकेसन (सातौं संस्क.), रुटलज ।

त्रिपाठी, कृष्णप्रसाद (सन् २०२२),क्लासरुम एक्सन रिसर्च अन सल्भिङ प्रोब्लेम इन जनप्रिय मल्टिपल क्याम्पस, पोखरा, *अवधारणा,* (७), १२६-१३९ ।

निउरे, ध्रुवप्रसाद (२०७५), *शैक्षिक अनुसन्धान पद्धति,* क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

फरेन्सी, ई.(सन् २०००), *एक्सन रिसर्च,* बाउन युनिभर्सिटी, ल्याब प्रोग्राम अफ द एजुकेसन एलाइन्स ।

भिगोत्स्की, एल.एस.(सन् १९७८), *माइन्ड एन्ड सोसाइटी,* हार्डवर्ड युनिभर्सिटी प्रेस ।

भिगोत्स्की, एल.एस. (सन् १९८७), *थर्ट एन्ड ल्याङ्वेज* , एम.आइ.टी, प्रेस ।

शर्मा, विष्णुप्रसाद (२०८१), नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण [अप्रकाशित विद्यावारिधि अनुसन्धान प्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय ।

स्योमविन, अ. (सन् २०१६), भिगोत्स्कीज सोसल डेभलपमेन्ट एन्ड इन्ट्रयाक्सन थेवरी : इम्लिकेसन टु द इङ्लिस ल्याङ्वेज करिकुलम इन केन्या, *युरोपियन जर्नल अफ एजुकेसन स्टडिज,* (१), ९४-९८ ।